Visit Dwarkadheeshvastu.com For

FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers

****

All Music is also available in **CD** format. **CD Cover** can also be print with your Firm Name

****

We also provide this whole Music and Data in **PENDRIVE** and **EXTERNAL HARD DISK.**

Contact : Ankit Mishra ( +91-8010381364, dwarkadheeshvastu@gmail.com )

# BHAJAN MANJARI

## NEPALI

# 卐 मंगला चरणम् 卐

## प्रार्थना

यं ब्रह्म वेदान्तविदो वदन्ति परं प्राधानं पुरुषं तथान्ये ।
विश्वद्गतेः कारणमीश्वरं वा तस्मै नमो विघ्नविनाशनाय ।।

आदिदेव ! नमस्तुभ्यं प्रसीद मम भास्कर !! ।
दिवाकर ! नमस्तुभयं प्रभाकर !! नमोऽस्तुते ।।

देवि ! प्रपन्नार्तिहरे प्रसीद
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वं
त्वमीश्वरि देवि चराचरस्य !! ।।

मन्दारमालाकुलितालकायै,
कपालमालाङ्कितशेखराय ।
दिव्याम्बरायै च दिगम्बराय,
नमः शिवायै च नमः शिवाय ।।

सशंखचक्रं सकिरीटकुण्डलं
सपीतवस्त्रं सरसिरुहेक्षणम् ।

सहारवक्षस्थलकौस्तुभश्रियं
नमामि विष्णुं शिरसा चतुर्भुजम् ।।

ध्येयं सदा परिभवघ्नमभीष्टदोहं-
तीर्थास्पदं शिवविरिञ्चिनुतं शरण्यम् ।
भृत्यार्तिहं प्रणतपाल ! भवाब्धिपोतं-
वन्दे महापुरुष ! ते चरणारविन्दम् ।।
त्यक्त्वा सुदुस्त्यजसुरेप्सितराज्यलक्ष्मीं-
धर्मिष्ठ आर्यवचसा यदगादरण्यम् ।
मायामृगं दयितयेप्सितमन्वधावत्-
वन्दे महापुरुष ! ते चरणारविन्दम् ।।

त्वमेव माता च पिता त्वमेव त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव त्वमेव सर्वं मम देव ! देव !! ।

कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्ध्याऽत्मना वानुसृतस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै
नारायणायेति समर्पयामि ।।

इति मन्त्रपुष्पं समर्पयामि

# श्री गणेशको प्रार्थना

प्रारम्भ

प्रणमामः सदा देवं गौरीपुत्रं विनायकम् ।
सिद्धिदं कामदं सर्व-स्वरूपं वरदायकम् ।।

जय गणेश जय गणेश भक्तजन्का प्यारा ।
शरणपर्छौं ध्यानगर्छौं सिद्धि देउ सारा ।।
वक्रतुण्ड तिम्रो नाम एकदन्त धारी ।
स्मरणगर्ने भक्तजन्का सब दुःख हारी ।। जय...
विघ्नराज ! शान्तिदिने तिम्रो जप ध्यान ।
भालचन्द्र ! भक्तजन्को पूर्ण गर काम ।। जय...
तिमी सधैं रूचाऊँछौ लड्डु दूवो मेवा ।
सिद्धि देउ भक्तजन्लाई गणपति ! देव !! ।। जय...
पार्वतीका प्रिय पुत्र अग्र पूजा लीने ।
भक्तजन्का इच्छाहरु पूर्ण गरि दीने ।। जय...
प्रार्थना छ प्रभुसित मानव जन्म पाई ।
मन लागोस् भगवानको भक्ति गर्नलाई ।। जय...

गणपतिज्यूको जय

## श्रीदेवीको भजन

निश्चय भो अब निश्चय भो ।
मताजीको दर्शन अब निश्चय भो ।। टेक ।।

सन्तानको माता बिना जन्म हुने छैन ।
मातृभक्त सन्तानले दुःखपाउने छैन ।। निश्चय भो०

क्रोध-लोभ शरीरका शत्रुहरूलाई ।
विनाश् गरी रक्षा गर्ने भक्तहरूलाई ।। निश्चय भो०

शक्ति तिमी सृष्टि-पालन् नाश पनि गर्ने ।
भक्तिपूर्ण भक्तलाई इच्छित् वर दीने ।। निश्चय भो०

विष्णुलाई मुस्किल् पर्दा मधुकैटभ् मार्न ।
शक्ति दियौ तिमीले नै दानव मोह पार्न ।। निश्चय भो०

महिष र चण्डमुण्ड रक्तबीज मारी ।
देवतालाई वचाउने आपद्‌बाट भारी ।। निश्चय भो०

कष्ट दिंदा दानवले देवहरूलाई ।
प्रकट् भयौ दूर्गारूप धारण् गरी माई ।। निश्चय भो०

यस्तै देव-मानवले कष्ट अनेक् पाऊँदा ।
सुखी हुन्छन् माताजीका शरणमा आऊँदा ।। निश्चय भो०

हामी पनि माताजीका शरणमा आऊँछौं ।
सन्तान हौं मातृप्रेम अवश्य नै पाऊँछौं ।। निश्चय भो०

।। दूर्गाजीको जय ।।

# मुरली मनोहरको भजन

शशिको अतिकोमल कान्ति सरी ।
हरिको मुरली मन लिन्छ हरी ।।

यमुना तटका हरिया लहरा ।
भ्रमरा चटका रमणीय चरा ।। शशिको...

वनमा हरि पालनु भो सँगमा ।
लिई दाज्यू र बालक गाई ताहाँ ।। शशिको...

नवमेघ समान छ कान्ति निलो ।
परिपूर्ण छ ब्रह्म सनातनको ।। शशिको...

मुरलीस्वर कृष्ण बजाउछन ।
स्वरली सब सुन्दरी गाउँछन ।। शशिको...

मृग सिंह परस्पर मित्र छन ।
घनघोर मनोहर चित्र छन ।। शशिको...

हरिणी करिणी चरनै तजने ।
दिल एक गरी मुरली सुनने ।। शशिको...

मधु जङ्गलका नव जन्तु चरा ।
मरलीस्वरमै परि मग्न वरा ! ।। शशिको...

चहकी चहकी सब घुम्दछन ।
मधुरो मुरली स्वर सुन्दछन ।। शशिको...
चिडीया सब छाड़ी निज बचरा ।
मुरली तिर मग्न भए बिचरा ! ।। शशिको...
मुरली मुखली फुकनु घनन ।
स्वरले सब जंगल भो रतन ।। शशिको...
घनघोर भयो घनघोर भयो ।
मुरली स्वरमै सब चित्त गयो ।। शशिको...
मुरली स्वरकै स्वर शब्द सुनी ।
सब सुन्दरी ताहीं पुगे दगुरी ।। शशिको...
सुन साथी ! अली चल लौन छिटो ।
मनमोहकको मुरली छ मिठो ।। शशिको...
मन दी हरिमा सब ती बनिता ।
जब ताँत छुटो तब भो रमिता ।। शशिको...
कतिका त फुके कबरी शिरका ।
कतिका त फुके कमरी पटुका ।। शशिको...
कतिका करधानि भए खुकुला ।
कटिवस्त्र फुकेर भए मुकुला ।। शशिको...

विपरीत लगाई लुगा कतिले ।
कतिले न लगाईं लिएर हिडे ।। शशिको...
कतिले उलटा गहना पहिरे ।
उलटै कुलटै पुलटै दगुरे ।। शशिको...
कति खान पकाउन चट्ट तजी ।
दगुरे युवती हरि मैं मन दी ।। शशिको...
कति हड्बडिदै कति लट्पटिदै ।
म अघि म अघि भनि झट्पटिदै ।। शशिको...
जति शब्द उती पद चल्दछन ।
छमछम् छमछम् गरि घुम्दछन ।। शशिको...
जति सुन्दरी गोपकुमारी थिए ।
मनमोहन कृष्ण उती बनिए ।। शशिको...
।। रासेश्वर भगवान की जय ।।

## हनुमानजीको प्रार्थना

उल्लङ्घ्य सिन्धोः सलिलं सलीलं
य: शोकवह्निं जनकात्मजायाः
आदाय तेनैव ददाह लकां
नमामि तं प्राञ्जलिराञ्जनेयम।।
नमोजवं मारुततुल्वेगं
जितेन्द्रियं बुद्धिमतां वरिष्ठम्
वातात्मजं वानरयूथमुख्यं
श्री रामदूतं शरणं प्रपद्ये।।

## प्रार्थना

**लक्ष्मीजीको**

सुरासुरेन्द्रादिकिरीटमौक्तिकै
र्युक्तं सदा यत्तव पादपङ्कजम्
परावरं पातु वर सुमङ्ल
नमामि भक्त्याखिलकामसिद्धये।।

भवानी त्वं महालक्ष्मीः सर्वकामप्रदायिनी।
सुपुजिता प्रसन्ना स्यान्महालक्ष्मी! नमोऽस्तुते।।
नमस्ते सर्वदेवनां वरवासि हरि प्रिये।
या गतिस्त्वत्प्रपन्नानां सा मे भूयात् त्वदर्चनात्।।

## गोपी गीत

जयति तेऽधिक जन्मना व्रजः, स्त्रयत इन्दिरा शश्वदत्र हि।
दयित दृश्यतां दिक्षु तावका, स्त्वयि धृतासवस्त्वां विचिन्वते।।
।।१।।

शरद्दाशये साधुजातसत्, सरसिजोदर श्रीमुषा दृशा।
सुगतनाथ ते ऽ शुल्कदासिका, वरद निघ्नतो नेह किं वधः।।
।।२।।

विषजलाप्ययाद व्यालराक्षसाद्, वर्षमारुताद् वैद्युतानलात्।
वृषमयात्मजाद विश्वतोभया, दृषभ ते वय रक्षिता मुहुः।।
।।३।।

न खलु गोपिकानन्दनो भवा, नखिलदेहिनामन्तरात्मदृक।
बिखनसार्थितो विश्वजुप्तय, सख उदेयिवान सात्वतां कुले।।
।।४।।

विरचिताभयं वृष्णिधर्य ते, चरणमीयुषां संसृतेर्भयात्।
करसरोरुहं कान्त कामद शिरसि धोहि ना श्रीकरग्रहम्।।
।।५।।

ब्रजजनार्तिहन वीर योषितां, निजजनस्मयध्वंसनस्मित।
भज सखे भवत्किङरीः स्म नो जलरुहाननं चारु दर्शय।।
।।६।।

## वरपिपलको पूजा गर्ने मन्त्र

**विष्णु मन्त्र–** ॐ विष्णो रराटमसि विष्णोः श्नपत्रे
स्त्थो विष्णो स्यूरसि विष्णोदर्ध्रुवो
–सिंव्वैष्णव मसि विवष्ण वेत्वा।।

**वरको पूजा गर्ने–** ॐ नमः शंम्भवायच मयो भवायच नमः
शंकराय च मयस्कराय च नमः
शिवाय च शिव तरायच

यो मन्त्रले चन्दन अक्षता फूल चडाई धुपबत्ती नै वेद्य
दिनु अनि परिक्रमा गर्नु ३ खेप अनि साष्टङ गर्नु

साढेसातीको दशा हुनेले नित्य पाठ गरी पिपलमा जल चढाउने मन्त्र–

मूलतो ब्रह्मरुपाय मध्यतो विष्णुरुपिणे।
अग्रतः शिवरुपाय अश्वत्थाय नमोनमः।।

## पुष्पाञ्जली

शान्ताकारं भुजगशयनं पद्मनाभं शुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम्।।
लक्ष्मीकान्तं कमलनयन योगिभिर्ध्यानगम्य
बन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम्।।१।।

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता
या विणावरदण्डमण्डितकरा या स्वेतपद्मासना
या ब्रह्माच्तुतशंकरप्रभृतिभिर्देवैः सदा बन्दिता
सा मां पातु सरस्वती भगवती निःशेषजाड्या पा हा।।२।।

त्वमेव माता च पिता त्वमेव
त्वमेव बन्धुश्च सखा त्वमेव।।
त्वमेव विद्या द्रविण त्वमेव
त्वमेव सर्वं मम देवदेव।।३।।

ध्यान मूलम गुरु मूर्ति पूजा मूलम गुरुः पदम
मन्त्र मूलम गुरु वाक्यं मोक्ष मूलम गुरुः कृपा
गुरुब्रह्मगुरुविष्णु गुरु देव महेश्वर
गुरुसाक्षात पर ब्रह्म तस्मै श्री गुरुवे नमः

## गणेशजीको भजन

जय गणेश जय गणेश जय गणेश देव
माता गौरी पार्वती पिता महाँ देव।
पान चढाउँ फूल चढाऊँ अनि चढाउँ मेवा
लड्डू पेडा भोग लगाई हामी गर्छौ सेवा।।१।।
जय गणेश ........................................

एकदन्त दयावन्त चारभूजाधारी
शीरमाथी तिलकराखी मुसाको सवारी।।२।।
जय गणेश ........................................

पार्वती पुत्र तिमी साहै शुभ नाम
गणेशकै भजनमा लगाऊँ हाम्रो मन।।३।।
जय गणेश ........................................

अन्धालाई आँखा दिने कोढीलाई काया
अपुत्रलाई पुत्र दिने निर्धनलाई माया।।४।।
जय गणेश ..................................................

गौरी पुत्र विनायक सिद्धिका हुन दाता
विन्ती गर्छौं प्रभुजीलाई जोडी दुई हात।।५।।

## सूर्यनारायण भगवानको भजन

दिनकर भास्कर छायाँ नाथ
प्रणाम हाम्रो विन्ती साथ
प्रभु नै ग्रहका अधिपति खास
गरिदेऊ भवको त्रास विनास।।१।।
दिनकर..................................................

ऋषिमुनी संगमा साठी हजार
स्तुति गरिरहने बारम्बार।।२।।
दिनकर..................................................

प्रभु बिना अन्धा सब संसार
प्रभु नै सबका सुख आधार।।३।।
दिनकर..................................................

जस्तै गरिकन सार्दछौ पाऊ
उज्यालो रुपले दुःख हटाऊ।।४।।
दिनकर.............................................

गर्दछौं हामी खाली पुकार
कृपाया हाम्रो गर उद्धार।।५।।
दिनकर .............................................

## दुर्गामाताको भजन

देवी सुरेस्वरी भगवती दुर्गे
जय जगदिस्वरी मातार वन्दे
शंकर मौलिनी वसुनी बिमले
मम मत रासहम तवपद कमले।।१।।
देवी.............................................................

दुर्गति नासिनी दूर्गा जय जय
कालभि नासिनी काली जय जय।।२।।
देवी.............................................................

कलपलता मेवा फल दिन सक्ने
शरण परेमा दुर्गति हर्ने।।३।।
देवी.............................................................

हे दुर्गा माता खुसीसँग आऊ
छम छम छम छम भजनी बजाऊ।।४।।
देवी...............................................................

राधा कृष्ण रुक्मणी जय जय
दुर्गानि नासिनी दुर्गा जय।।५।।
देवी...............................................................

## दशअवतार भजन

जय नारायण जय नारायण नारायण जय राम हरे।
जय नारायण जय नारायण नारायण जय कृष्ण हरे।।
धारण गरी प्रभु मत्स्य शरीर बधगरी शंखासुर रणधीर।
ब्रह्मालाई दिनु भो बेद धुनु भो सत्य व्रतको खेद।।
डुब्यो मन्थन गिरी जल भित्र हुनुभो कच्छप रुप विचित्र।
लिनु भो पिठमा गिरी मन्थान सिद्ध भयो सुर अमृत काम।।
जय नारायण...............................................................

विधी मनु मुनिको बुझि सब भाव लिनुभो प्रभूले रुप बराह।
रसातलदेखि दिति सूत मारी दिनुभो ल्याई पृथ्वी प्यारी।।

खम्ब फुटाई अद्‌भूत दिव्य लिनुभो प्रभुले नरहरी रुप।
मारी कञ्चन कस्यपलाई दिनुभो आश्रय प्रह्लादलाई।।
जय नारायण.........................................................................

कस्यप आदिती द्वारा दिव्य लिनुभो बामन बटुको रुप।
तिन पद पृथ्वी बली संग मागी सुर पतिलाई दिनुभो नागी।।
श्री जमदग्नी मुनिका पुत्र हुनुभो परशुराम बिचित्र।
हैदय कुल अरु क्षत्रिय दुष्ट बधगरी सबका धुनुभो कष्ट।।
जय नारायण.........................................................................

दशरथ नन्दन जग्रदा धार लिनुको प्रभूले राम अवतार।
राक्षस कुलको मुल उखेली दिनुभो सबमा शान्ति सँयेली।।
श्री बसुदेवकी नन्दन रुप हुनुभो ईश्वर कृष्ण स्वरूप।
कंस पछारी हरी भुभार निज जन तारी दिनुभो पार।
जय नारायन .........................................................................

राक्षस गणले यज्ञ बहाना गरी पशुमारे अगणित नाना।
बुद्ध भई यो दिनुभो ज्ञान धर्म अहिंसा सत्य छ जान।।
जतिजति कलिमा बडी अपराध हुन्छन बैदिक धर्म विनासक।
आई ईश्वर कल्की बनेर मार्नु हुनेछ ती पातकी धेर।।
जय नारायण.........................................................................

❑

# शंकरजीको भजन

जय जय शिवशंकर भोला
उनको ठूलो नाम
उनको चरणमा झुके मात्र पुग्छ हाम्रो काम
फूलटिपी प्रभुलाई चढाउला
हामी सबै मिलेर भजन गाउन
आउ हामी सबै मिली भजन गाउन
जय जय शिव ......................................... ।।१।।

कैलाश पर्वतमा उनी बस्तछन्
उनी सधैं आफ्नो ध्यानमा रहन्छन
हामी सबैको कल्याण भनी ध्यान गर्दछन
जय जय शिव ......................................... ।।२।।

प्रभुको चरणमा शीर झुकाउन
प्रभुको महिमा सधैं गाउन
आउ हामी सब मिली महिमा गाउन
जय जय जय शिव .................................. ।।३।।

## भक्तको पुकार

आएको शरणमा कृष्ण कन्हैया।
पार गरे नैया मेरो बंशी बजैया।।
सेवा पाउ हजुरको पिताम्बरधारी।
यो दुःखको सागरबाट तारी दिनुस् पारी।।
छैन कसैको भरोसा नाव खेवैया, आएकोछु शरणमा
कृष्ण कन्हैया

ज्ञान मेरो छैन केही ध्यान पनि छैन।
पूजा पाठ जप यज्ञ केही गरेको छैन।।
खाली एउटा सम्झनाको लागि लगैया, आएकोछु शरणमा
कृष्ण कन्हैया

शत्रु हुने पुतनाले मातृ गति पाई।
ग्राहबाट उकासियो गजराजालाई।।
कैले आउन्छ पालो मेरो गैया चरैया, आएकोछु शरणमा
कृष्ण कन्हैया

जपि रहुँ प्रभु नाम यो जीवन भरी।
बैकुण्ठमा जाने बाटो लेऊ सरासरी।।
दासताको मर्म बूझे आशा पुरैया, आएकोछु शरणमा
कृष्ण कन्हैया

आएकोछु शरणमा कृष्ण कन्हैया।
पार गरे नैया मेरो बंसी बजैया।।

## कृष्णजीको भजन

यदुकुल चन्दन नन्दसु नन्दन कृष्णमनोहर मूखमुरली।
य तब सोहन गोपिनी मोहन रननन रननन शब्द चली।।
पूर्ण शशिधर रात्रि मनोहर पूर्व दिशातिर ज्योति जली।
शरद समयको शोभित रजनी यमुना तटमा रासचली।।१।।
यदुकुल ..........................................................................................

गोकुल पुरवर गोपिनी धरधर झटपट–झटपट मनमनमा।
ब्रह्माको ज्योती सुन्दर मौति धपधप वनवनमा।।
यदुकुल ......................................................................................।।२।।

दिव्य मनोहर प्रेरत ईश्वर तूर्णापराधराअन्त सुधा।
घटघट व्यापक शान्ति प्रदायक विश्वबिमोहक ज्ञानप्रदा ।
यदुकुल.......................................................................................।।३।।

❑

## कृष्णजीको भजन

कृष्ण मुरारी सुदर्शन धारी
मुरली बजाउने प्रभु कहाँ छौ।
मध्यमी रातमा मथुरा छोडी
श्री बासुदेवको बन्दन तोडी

वर्षाको वाढीलाई चरणले मारी
यमुना घटाउने प्रभु कहाँ छौं।
कृष्ण मुरारी ..............................

सारथी भएर रथलाई हाँकी
महाभारतमा अस्त्रलाई त्यागी
गीता सुनाउने प्रभु कहाँ छौ
कृष्ण मुरारी ..............................

भक्त सुदामा धाएर आयौ
एकमुठी कनिका साथैमा ल्यायौ
काँचै हजुरले कसरी खायौ
प्रेम दिलाउने प्रभु कहाँ छौ
कृष्ण मुरारी..............................

## हामी बस्तैनौ यो दुःखी ठाउँमा

हामी बस्तैनौ यो दुःखी ठाउँमा
प्रभु लैजानुस् बैकुण्ठ धामैमा
दुःख हुँदा रुने मन सुख हुँदा हाँस्ने
संसारको चाल यस्तो कसरी हो बाँच्ने
हामी.............................................. ।।१।।

बताउँछन पुराण र इतिहास शास्त्र
विषयमा नाता सबै भलादमी मित्र
चिरञ्जिवी चै कोही छैन जगतमा
प्रभु लैजानुस् बैकुण्ठ धामैमा
हामी ........................................................ ।।२।।

## कृष्णजीको भजन

साँझ पऱ्यो आएनन् मोहन
विरहले वेदना फैलायो
पैराउन गूँथेको माला
लिँदा लिँदै हातैमा बैलायो।
कति हाँसे कति रोए नयन यसै थाके
दर्शनको प्यासी मोहन रात दिन जागेँ
कल्पनाले रंगी चंगी फूलहरू टिपेँ
प्रेम सियो आँशु धागो सुन्दर माला गाँसे
तब पनि आएनन् मोहन बिरहले बेदना फैलायो
साँझ................................................... ।।१।।

आँखा तानी–तानी हेर्छु हिमालको माथि
चारै पहर बिताई पुगे घाम डाँडा माथि

पाल्नु होला भन्दाभनदै जीवनको साथी
बिरहले छुटे आँशु झन ताँतीका ताँती
तब पनि आएनन् मोहन बिरहले बेदना फैलायो
साँझ पऱ्यो ........................................ ।।२।।

सोच्दा सोच्दै भैमाँ लोटी झ्याउँकिरी बास्यो
बिरहीलाई गिज्याउँदै अन्धकार हाँस्यो
आँखा तानी–तानी हेर्छु आकाशका तारा
कति खोजें कति छाँने छैनन् मेरा प्यारा
साँझ पऱ्यो........................................ ।।३।।

❑

## कृष्णजीको भजन

हे कृष्ण प्यारा हाम्रो प्रभुविना कोही छैन सहारालैजानुस्
बृन्दाबनैमा।
मनको चञ्चल कृष्ण हजुर विना हुँदैन शीतललैजानुस्
बृन्दाबनैमा।
हे कृष्ण........................................................................ ।।१।।

कुण्डल कानैमा कृष्ण हामी पनि जानेछौ साथैमा लैजानुस्
बृन्दावनैमा

गोवर्धन हातमा कृष्ण हामीलाई पनि लैजानुहोस् साथैं।। (२)
राम्रो वृन्दावनैमा।
हे कृष्ण.................................................................................. ।।२।।

मुरली तिरिरि कृष्ण हामी नाच्छौं हर्षले फिरिरी
यो राम्रो वृन्दावनैमा
ध्यानले चिनेर कृष्ण शरण दिनोस् भक्त हुन
भनेर यो राम्रो वृन्दावनैमा।
हे कृष्ण.................................................................................. ।।३।।

## नटवर नागर नन्दा

नटवर नागर नन्दा भजो रे मन गोविन्द
श्याम सुन्दर मुख चन्दा भजोरे मन गोविन्द
तुही हो नटवर तुही हो नागर तुही हो बाल
मुकुन्दा भजो रे मन गोविन्द
नटवर..........................................................................

सब सखियन में राधा बड़ी है, राधा बड़ी नदियों
में जैसी गंगा भजो रे मन गोविन्द
नटवर..........................................................................

सब देवताओं में श्याम बड़ी है तारों में जैसे चन्दा
भजो रे मन गोविन्द
नटवर नागर नन्दा भजो रे मन गोविन्द
भजो रे मन गोविन्द
राम भजौं राम भजौं राम भजौं भाई,
राम सेवा सधैं गरौं पार हुनलाई।
श्याम भजौं श्याम भजौं श्याम भजौं भाई,
भगवानको सेवा गरौं पार हुनलाई।
कृष्ण भजौं कृष्ण भजौं कृष्ण भजौं भाई,
कृष्णजीको नाम जपौं पार हुनलाई।

## जय रामानुज

जय रामानुज जय रामानुज
जय रामानुज शेष गुरी।
जसका सिरमा सारा जग यो
तोरीको दाना तुल्य हुने।
जसले फेर्दा जोडले स्वास
सारा जगयो मुग्ध हुने।
जय रामानुज.................................................

जसले हेर्दा सारा जग यो
श्री हरी पदमा मुग्द हुने।
यस्ता प्यारा प्रभुका पाउ,
भज्दा आत्मा शुद्ध हुने।
जय रामानुज.....................................................

## मुरली मनोहर

ब्रज जनहरूको शुभ दिन आयो।
मुरली मनोहर श्याम उदायो।
गोपहरूको घर घर जाई, हलधर संगमै माखन खायो।
मदन मनोहर माखन खायो, अनि ब्रज बालकलाई खुबायो।
छुमुछुमु नटवर नाँचन लाग्यो, मुखभरी माखन हाँसन लाग्यो।
दुध र दहीको ढेकी उठायौं, बानर बावसलाई खुवायो।
ब्रज जनहरूको.....................................................

भाँची मदानी नेती चुडाईयो, चरण उठाई ठेकी फुठायो।
पोखी सबै दही पोखरी पार्‍यो, सब ब्रज बनिता मुग्द बनायो।
छयापी दियो दही नौनी लुटायो, सब सखीलाई नाँच नचायो।
थपडी बजाई मुसु मुसु हाँस्यो, नटवर नागर नाचन लाग्यो।
ब्रज जनहरूकी.....................................................

दिव्य मनोहर लिला प्रभूको, गाँउ जनार्दन नाम सदा यो।
यो भव सागरबाट उतारी, देऊ मलाई शरण मुरारी।।
ब्रज जनहरूको शुभ दिन आयो।
मुरली मनोहर श्याम उदायो।।

❑

## लैजाऊ शम्भु कैलाशमा

लैजाऊ शम्भु कैलाशमा बिमानमा चढाउँदै।
शिवपुरी जान्छौं हामी हर हर गाउँदै।।

भगवानको मन्दिरमा हाम्रै जाने पालो।
भक्ति गर्ने भक्तजनलाई कैलासे उज्यालो।।

स्नान ध्यान जप यज्ञ, जान्या केही छैन।
सारा अर्पण गरी दिन्छौ हाम्रो केही छैन।।
लैजाऊ शम्भु कैलाशमा.........................................

आत्मा हाम्रो तिमीनै हो बुद्धि पार्वती हुन्।
हिँड्ने तिम्रो प्रदक्षिणा निन्द्रा समाधी हुन्।।

बालचन्द्र तिम्रो मुकुट सिरको गंगाजल।
पिउन पाउन हामी पनि झारी देउन तल।।

लैजाऊ शम्भू कैलाशमा.........................................

बाघको छाला कम्मरैमा डम्बरुछ हातमा।
मसानबासी महादेव नन्दी भृङ्गि साथमा।।

कालकुट विष पिउँदा निलकण्ठ नाउँ।
भक्ति गर्छौ परम पदको अहिलै दर्शन पाउँ।।

स्तुति गान किर्तन हाम्रो खुसी साथ लेऊ।।
बाबा भोले महादेव झट्टै दर्शन देऊ।।

लैजाऊ शम्भू कैलाशमा विमानमा चढाउँदै।
शिव पुरी जान्छौ हाम्री हर हर गाउँदै।।

❑

## आज मैले राम देखेँ

आज मैले राम देखेँ,
देखेँ अनि श्याम।।
रुप दुवैको एउटै रहेछ,
भिन्नै रैछ नाम।।

रामलाई देखेँ मैले त्यो झुल्केको घाममा।
श्यामलाई देखेँ मैले त्यो जुनेली साँझमा।।
आज मैले...........................................

मेरो मनको वरिपरी घुम्दारहेछन् राम।
मेरो मनको वरिपरी घुम्दा रहेछन् श्याम।।
आज मैले........................................................

मर्यादाको पालन सिकाई घुम्दा रहेछन् राम।
भक्तहरूको कल्याण गरी घुम्दा रहेछन् श्याम।।

आज मैले राम देखेँ
देखेँ अनि श्याम।
रुप दुवैको एउटै रहेछ।
भिन्नै रहेछ नाम।

## श्याम तिम्रो सम्झना

श्याम तिम्रो सम्झना कहिल्यै नछुटोस्।
फस्यौ हामी माया जालमा भक्ति नछुटोस्।
भक्त विन्ती यो सबै पाउमा जुटोस्।
गर्छौ काम जे जति भक्ति नछुटोस्।
श्याम तिम्रो सम्झना........................................

मर्ने बेला प्राण कष्ट आउँदा पनि।
मन मनै जप्न सकुँ श्यामनै तिमी।
श्याम तिम्रो सम्झना..........................................

दुई दिनको जिन्दगानी कर्कलाको पानी।
हामी विन्ती गर्दैछौं जानी नजानी।
श्याम तिम्रो सम्झना कहिल्यै नछुटोस्।
फस्यौ हाम्री माया जालमा भक्ति नछुटोस्।

## ॐ नमो भगवते वासुदेवाय

ॐ नमो भगवते बासुदेवाय।
बासुदेवाय भजौ बासुदेवाय।

नन्दनन्दनाय प्रभु नन्द नन्दनाय।
ओंम नमो भगवते बासुदेवाय।

हरीले हरलाई यही ज्ञान बताये।
यही ज्ञान बताये यही ज्ञान बताये।
ओंम नमो..........................................................

व्यासले सुकलाई यही ज्ञान बतायेँ।
यही ज्ञान बताये यही ज्ञान बताये।
ओंम नमो.........................................................

नारदले ध्रुवलाई यही ज्ञान बताये।
यही ज्ञान बताये यही ज्ञान बताये।
ओंम नमो भगवते बासुदेवाय।
बासुदेवाय भजौ बासुदेवाय।

❑

## कति राम्रो बृन्दावन शहर

कति राम्रो बृन्दावन शहर सललल गरी बग्दैछिन यमुना।
अझै राम्रो मथुरा शहर हेर्न जान मलाई लाग्दैछ रहर।
बृन्दावनको झिलिमिली कृष्णजीको दर्शन।
कृष्णजीको दर्शन गर्ने सबै पार तर्छन।
कति राम्रो..................................................................

पहिलो दर्शन रंगनाथको पछि बिहारीको।
यमुनामा स्नान गर्नु कृष्ण मुरारीको।
कति राम्रो..................................................................

वंशी तटमा रास रची नाचे गोपीहरु।
भगवानको भजन गरी पाप सबै हरो।
कति राम्रो........................................................................

## भजन श्री रामचन्द्रजीको

श्री रामचन्द्रजीको नाउँ गाउँ सबैले रामै राम[२]
कौशल्याका पुत्र भएर जन्मे अयोध्यामा बालक राम।
भरत लक्ष्मन भाई सह भई खेलने सरयूँ तटमा राम।
खेलने सरयूँ तटमा राम प्रभु खेलने सरयूँ तटमा राम।
श्री रामचन्द्र..............................................................

बालक कालमा ताडका मार्ने एकै वाणले उनै राम।
अहिल्यालाई पाउ छुवाई मुक्ति दिलाउने उनै राम।
मुक्ति दिलाउने उनै राम प्रभू मुक्ति दिलाउने उनै राम।
श्री रामचन्द्र..............................................................

मिथिलामा गई शिव धनु तोडी सिता विवाह गर्ने राम।
पितृ बचनलाई पालन गर्न बनमा जाने उनै राम।
बनमा जाने उनै राम प्रभू बनमा जाने उनै राम।
श्री रामचन्द्र..............................................................

पञ्चवटिका जंगल बिचमा कुटि जमाई बस्ने राम।
चित्रकुटका जंगल बिचमा फलफूल खाई बस्ने राम।
फलफूल खाई बस्ने राम प्रभू फलफूल खाई बस्ने राम।
श्रीरामचन्द्र..............................................................

## आउन बसौं एकचित्तले

आउन बसौं एकचित्तले गरौं भजन किर्तन।
हर मुरली धर श्यामलेनै सबलाई पार तार्छन।
सबै भन्छन शंकर पछि लागि लागि।
उनले पनि हिंड्नै पर्‍यो भिक्षा मागी मागी।
आउन बसौं..............................................................

पाँच पाण्डव स्थामी थिए द्रौपदीका साथमा।
उनले पनि पर्नैई पर्‍यो दुःशासनको हातमा।
आउन बसौं..............................................................

रामचन्द्र स्वामी थिए सिताजीको साथमा।
उनले पनि पर्नैई:पर्‍यो रावणको हातमा।
आउन बसौं..............................................................

कहाँ जन्मे राम लक्ष्मण कहाँ जन्मीन सीता।
सारै राम्रो लाग्छ हामीलाई भागवत र गीता।
आउन बसौं.............................................

लैजाउ कृष्ण हामीलाई बिमानमा चडाउँदै।
हाम्री जान्छौ वृन्दावन तिम्रो भजन गाउँदै।
आउन बसौं.............................................

## हो जावो तैयार

हो जावो तैयार गाडी स्टेशन पर अब आती हैं।
राम नामकी टिकट कटालो एक आती एक जाती हैं।
वेदशास्त्र रामायण गीता लाइन हमें बताती है।
लाख चौरासी स्टेशन होकर जक्सन पर अब आती है।
हो जावो तैयार.............................................

श्वेत बाल और गोरे दन्त में चमड़ी लटकी जाती है।
चेत मुसाफिर टिकट कटालो लाइन किलियर हो जाती है।
हो जावो तैयार.............................................

आँख कान ने दिया जवाफ हात में डंडा आती है।
कम्मर तेरो टेडो होकर सिंगल डाउन बताती है।

हो जावो तैयार.......................................................

सखा सम्बन्धि छोड़ के दौडे साथ न कोई जाती है।
धर्म कर्म की गठरी खोलो काम यही आ जाती है।
हो जावो..........................................................

प्रेम से हरी को भजले भाई आयु छिनछिन जाती है।
सत संगत में बैठो भाई काम यही अब आती है।
हो जावो..........................................................

❑

## छैन कृष्ण जानुभयो बृन्दावनमा

झलक्क झलिक्यो हाम्रो मनैमा।
छैनन कृष्ण जानु भयो बृन्दावनैमा।
गोकुल खोजिउँ मथुरा खोजिउ२ बृन्दावन,
सारा संसार खोजि सकिउँ कृष्ण कहाँ छन्।
झलक्क झल्कियो.............................................

गोकुलको हावा पानी अति असलछ।
मथुराको हावाले औंलो लाग्दछ।
झलक्क झल्कियो.............................................

यमुनाजीको निलो पानी कृष्ण नुहाउने।
हातमा बंशी सिरमा मुकुट कति सुहाउने।
झलक्क झल्कियो......................................

राधा कुण्ड श्याम कुण्ड गिरी गोबर्धन।
मधुर मधुर वंशी बजे सोही बृन्दावन।
झलक्क झल्कियो......................................

## देखो वृन्दावन के

देखो वृन्दावन के कुन्ज गलिन में नाचे नन्द कुमार[२]।
मोर मुकुटसिर उपर सोहे (गल फुलनकी हार)[२]।
पिताम्बर कटि बिच विराजे मुरली अधर सुधार[२]
देखो..................................................................

वीणा ताल मृदंग बाजे बाजे झाँझ सितार।
छन छन छन छन नुपुर बाजे कर कंकण झलकार[२]।
देखो..................................................................

सखियों के सग राधा नाचे ब्रजकी नार।
ग्वाला बाल सब मिलकर नाचे करकरके श्रृंगार[२]
देखो..................................................................

जलचर मोहे स्थलचर मोहे[२] नव संसार।
ब्रह्मानन्द मुनिश्वर मोहे वंशी धर निहार[३]।
देखो.......................................................................

## ध्यान गरौं भगवानको

हे मेरा दाजु भाई ध्यान गरौं भगवानको।
एकै छिनलाई माया छोडी नाम जपौं श्री रामको।
कामक्रोध लोभ र मोहमा निसदिन लागि रहन्छौं।
सुखको लागि माया हामी आफ्नै घरमा भर्दैछौं।
आखीर यसले सुख मिल्दैन साँचो नाम घनश्यामको[२]।
हे मेरा.......................................................................

भाई भार्या[२] तेरो मेरो भन्ने यो सब झुटो छ।
अन्तिम बेला साथै जाने केवल पाप र पुण्य छ।
जवाफ हामी के पो दिउँला सामनेमा यमराजको[२]।
हे मेरा.......................................................................

मनुष्य चोला बारम्बार फेरी कहिल्यै मिल्दैन।
समय गुमाई पछुतो मात्र हातमा केही आउँदैन।
मिलेर हामी हातै जोडी नाम लिउँ गोपालको[२]।
हे मेरा.......................................................................

# छोटेछोटे गोपाल

छोटेछोटे गैया मेरे छोटेछोटे ग्वाला,
छोटे है हमारे मदन गोपाल।
कहाँ बैठे गैया मैया कहाँ बैठे ग्वाला,
कहाँ बैठे हम्मारे मदन गोपाल।
बृन्दावन में गैया मेरा गोकुल में ग्वाला।
मथुरा में हमारा मदन गोपाल।
छोटे–छोटे..........................................................

क्या खाए गैया मैया क्या खाए ग्वाला,
क्या खाए हम्मारे मदन गोपाल।
घाँस खाए गैया मैया दुध पिये ग्वाला,
माखन मिश्रि खाए हमारे मदन गोपाल।
कांहा जाये गैया मैया कहाँ जाये ग्वाला,
कहाँ जाये हम्मारे मदन गोपाल।
गौशाला में गैया मैया झोपड़ी में ग्वाला,
मन्दिर में हम्मारा मदन गोपाल।
छोटेछोटे..........................................................

# हरे कृष्ण मुरारी

हरे कृष्ण मुरारी हरे श्याम मुरारी,
मलाई लैजानुहोस् बिमानमा बैकुण्ठको ढोका उघारी।
अत्तो पत्तो छैन आज कहाँ जानु भयो।
प्रभूजीले छोडी दिँदा मरे सरी भयो।
कहाँ गए शान्ति होला कस्ले रक्षा गर्ला।
गोपीनिको ईज्जत आज कंसासुरले हरयो।
हरे कृष्ण.......................................................
एक दिन बनमा जाँदा बकासुर आई,
सबैलाई निली दियो ठूलो मूख बाई।
प्रभूजीले मारी दिए बकासुरलाई,
हामी सबै खुशी थियौं कृष्ण कृपा पाई।
हरे कृष्ण.......................................................
मुरलीको मधुर ध्वनी आहा कति राम्रो
कृष्णजीले छोडी दिँदा प्राणै गयो हाम्रो।
कैले पाउँला मोक्ष भई बैकुण्ठमा जानु,
यो लोकमा जन्म भई बुद्धि भयो सानु।
हरे कृष्ण.......................................................
मनको मैलो मेटिएन कसै गरे पनि,
लौन प्रभू शरण दिनोस् आफ्नै दास जानी।

संसारको भूँवरीमा डुबि सक्यो चोला,
भगवानको कृपा दृष्टि कैले अब होला।
हरे कृष्ण.....................................................................................

□

## श्री श्याम सुन्दरलाई भेट्ने सुदामा

श्री श्याम सुन्दरलाई भेट्न सुदामा
गाउँदै हिंडे मनमा हरे कृष्ण राम
हरे कृष्ण राम हो हरे कृष्ण राम२..........................

काँधैमा धोती र लोटा झुण्डाई,
काखीमा कनिकाको पोको लुकाई।
धाउँदै गये तितद्वारे पुरीधाम, हरे कृष्ण रामा हो२.....
श्री श्याम.......................................................................

सुनैको थलियामा भोजन खिलाए,
सुनैको खटियामा आसन सजाए।
चमर डोलाउन लागिन सत्यभामा, हरे कृष्ण रामा हो२
श्री श्याम.......................................................................

श्री श्याम सुन्दरको बचपनको बात,
बचपनको बातमा भगवानको साथ।

गाउँदै हिंडे मनमा हरे कृष्ण राम......................
श्री श्याम..................................................................

## बन्दना छ कृष्ण तिमीलाई

बन्दना छ कृष्ण तिमीलाई,
शरणमा छौं लेऊ हामीलाई
एकछिन त हामी भजन गरौं श्री कृष्णको नाउँमा,
मरेर एकदिन जानुनै पर्छ भगवानको धाममा।
तिम्रो हो यो रचना सारा,
तिम्रो नै छ सब संसार।
बन्दना.........................................................
मर्नु र बाच्नु नियम यही हो संसारको बन्धन,
केही न केही नगरी तेसै जानु त हामीले हुँदैन।
धर्म त्यही हो सेवामा छ यो,
जसले जान्यो त्यही रमायो।

## आउ सखी जाउ बृन्दावनमा

आउ सखी जाउ बृन्दावनमा सुनौं बाँसुरी,
सुरिलो स्वर हँसिलो बदन
छैनन कृष्ण गोकुलमा बस्नु के गरी?
आउ सखी जाउ बृन्दावनमा सुनौ बाँसुरी।
बृन्दावनमा यमुनाजी बग्छिन सुरतरी,
आउ सखी जाउ बृन्दावनमा सुनौ बाँसुरी।
कृष्णजी बाँसुरीमा हुन्छ माधुरी।
आउ सखी जाउँ बृन्दावनमा सुनौ बाँसुरी।
बृन्दावनमा फुलै फुल्यो सुनै को सरी,
आउ सखी जाउँ बृन्दावनमा सुनौ बाँसुरी..................

## श्री नारायण भगवानको आरती

श्वेत कमला मुख मण्डल धृत कुण्डल ए,
कलित ललित बनमाला जय जयदेव हरे।
दिनमणि मण्डल मण्डन भव खण्डन ए,
मुनी जन मानस हंस जय जयदेव हरे।

कालिय विषधर भन्जन जन रन्जन ए,
यदुकुल नलिन निदेश जय जयदेव हरे।
मधु मुर नरक विनासन गरुड़ासन ए,
सुरकुल केलि निदान जय जयदेव हरे।
अमल कमल दल चोलन भव मोचन ए,
त्रिभुवन भवन निधान जय जयदेव हरे।
जनक सुता कृत भुषण जित दुषण ए,
समर शमित दश कण्ठ जय जयदेव हरे।
अभिनव जलधर सुन्दर धृत–मन्दर ए,
श्री मुख चन्द्र चकोर जय जयदेव हरे।
तव चरणे प्रण तापय मिति भावय ए,
कुरु कुशल प्रण तेजु जय जयदेव हरे।
श्री जयदेव कुबेर चितमिद कुरुते मूदय,
मंगल मन्जुल गीत जय जयदेव हरे।

❑

## रघुपति राघव

रघुपति राघव राजा राम पतित पावन सिताराम।
ताड़का वन में ताड़का मारी,
गौतम नारी अहिल्या तारी।
जब दशरथ घर जन्मे राम, पतित पावन सिताराम।
रघुपति........................................................................

जनकपुरी में धनुष को तोड़ा,
जनक सुता से नाता जोड़ा,
कैसी सुन्दर जोड़ी राम, पतित पावन सिताराम।
रघुपति........................................................................

राज्य तिलक की हुई तैयारी,
कैकयी ने सब बात बिगाड़ी।
तभी तो बन को चल दिये राम, पतित पावन सिताराम,
रघुपति........................................................................

पञ्चवटी में कुटी बनाई,
सुपर्नखा की नाक उड़ाई।
तभी खरधुषण मारे राम, पतित पावन सिताराम,
रघुपति........................................................................

मेघनाथ ने शक्ति चलाई
लक्षमणजीको मुर्छा आई।
झट सञ्जीवनी लाये हनुमान, पतित पावन सिताराम।

## तुम्हारे चरणों में

मिलता हैं सच्चा सुख केवल
भगवान तुम्हारे चरणों में
यह विनती है पल छिन--छिन की,
रहे ध्यान तुम्हारे चरणों में।
चाहे बैरी सब संसार बने,
जो जीवन मुझ पर भार बने।
चाहे मौत गले का हार बने
रहे ध्यान तुम्हारे चरणों में।
चाहे अग्नि में जलना हो,
चाहे काँटो पे मुझे चलना हो।
चाहे छोरके देश निकलना हो,
रहे ध्यान तुम्हारे चरणों में।
चाहे संकट ने मुझे घेरा हो,
चाहे चारों ओर अंधेरा हो।
पर मन नहीं डगमग मेरा हो,
रहे ध्यान तुम्हारे चरणों में।
जिभ्य पर तेरा नाम रहे,
तेरा ध्यान रहे, सुबह शाम रहे।
तेरी याद तो आठों याम रहे,
रहे ध्यान तुम्हारे चरणों में।

## मनले जपौं

मनले जपौं मुखले जपौं (राधाकृष्ण नाम)[२]
राधा कृष्ण नाम जपौं राधा कृष्ण नाम।
ब्रह्मा जप्छन् विष्णु जप्छन् राधाकृष्ण नाम
कैलाशमा शिव जप्छन् राधाकृष्ण नाम
मनले जपौं.................................................. ।।१।।
गौरी जप्छिन राधाकृष्ण नाम
वृन्दावनमा गोपिनी जप्छन् राधाकृष्ण नाम
मनले जपौं.................................................. ।।२।।
योगी जप्छन् मुनि जप्छन् राधाकृष्ण नाम
बनवासमा राम जप्छन् राधाकृष्ण नाम
मनले जपौं.................................................. ।।३।।
सूर्य जप्छन् चन्द्र जप्छन् राधाकृष्ण नाम
सबै देवी देवता जप्छन् राधाकृष्ण नाम
मनले.................................................. ।।४।।

## आज भन्दै

आज भन्दै भोली भन्दै जिन्दगी यो बित्यो नी
हरी भजन कहिले नभुलौं[२]।

माता पिता पुत्र बन्धु दुई दिनको मेला
अन्तिम बेला पर्ने पर्छ यमराजको फेला
आज.............................................................॥१॥

मेरो[२] भन्छन् सबै मेरो केही छैन
एक्लै आयौं एक्लै जान्छौं लानु केही छैन
आज.............................................................॥२॥

धन दौलत छुटी जान्छ केही जान्न साथमा
पाप र पुण्य मात्रै जान्छ जिवात्माको साथमा
आज.............................................................॥३॥

घोर कलीयुग आयो किर्तन गरौं भाई
आखिरमा खप्नै पर्छ यमराजको सजाए
आज.............................................................॥४॥

कर्म अनुसारको फल हामी भोग्न पाउँछौं
भगवानको शरण परे बैकुण्ठमा जान्छौं
आज.............................................................॥५॥

❑

## जय जय मनाउ

जय जय मनाउ जय जय मनाउ
कृष्णको पदमा शीर झुकाउ
वंशीको तानले बोलाई रह्यो
जगतको प्राणीले दौड़ाई रह्यो
जय जय मनाउ.............................. ।।१।।

आत्माको ध्वनी कृष्ण प्रभु
भूमिको बाटो कृष्ण प्रभु
जय जय मनाउ.............................. ।।२।।

शरणमा लेउ चरणमा छौं
मायाको जालबाट मुक्ति म पाऊ
जय जय मनाउ.............................. ।।३।।

मायाको खानी कृष्ण प्रभु
दयाको खानी कृष्ण प्रभु
जय जय मनाउ.............................. ।।४।।

❑

## श्रवणकुमारको भजन

सुन सुनाउँछु एउटा कथा
माता अन्धी थिइन पिता अन्धा
हो.....हो..... श्रवणकुमार
पियास लाग्यो हामीलाई
तिर्खा मेटाउन पानी पियाई
पानी लिन गए हो श्रवणकुमार
सुन सुनाउँछु.................................. ।।१।।

पानी उघाउँदा भयो शब्द
सोचे दशरथले आयो मृग
मृग भनि छोरे वाण कुमारलाई
सुन सुनाउँछु.................................. ।।२।।

मरेनी आमा भनेर
मानिसको बोली सुनेर
सामु गइ सोधे हो को हौ तिमी
सुन सुनाउँछु.................................. ।।३।।

श्रवण कुमार नाम हो मेरो
अन्धा अन्धिकी म एउटै छोरो
परिचय दिएर कुमारले छोडे प्राण
सुन सुनाउँछु.................................. ।।४।।

## गुरु विना

गुरु विना ज्ञान कैले मिल्दैन
माया जालको यो दुःख छुट्दैन ।२
मोहरुपी बन्धनको गाँठो हुन्छ सारो
गुरु विना फुकाउनु हुन्छ अति गारो
आत्मा खोज्छ मुक्त हुन माया लाग्छ छेक्न
ज्ञान विना पाऊँदैन परमात्मा देख्न
गुरु विना.......................................... ।।१।।
भरे भोली भन्दा भन्दै जीवन यो वित्छ
तत्वज्ञान पाऊँदैन मायाले नै जित्छ
गुरु विना.......................................... ।।२।।
यो मायामा झुल्दा झुल्दै आइपुग्छ काल
नारायण २ मन्त्र जपी हाल
गुरु विना.......................................... ।।३।।
पर्खदैन यो काल कसैलाई आखिरमा डुबाउँछ आत्मालाई
कोटी–कोटी मन्त्र मध्ये मुल मन्त्र यही
बैकुण्ठमा जाने बाटो जानी लेउ त्यही
सबै शास्त्र निचोरेर बनेको छ यो सार
जीवन यो सुम्पी दिए लगाउ छ पार
गुरु विना.......................................... ।।४।।

## खोजौं म तिमीलाई कहाँ

तिमीलाई म खोजौं कहाँ मुरलीवाले
तिमीलाई म खोजौं कहाँ ?

वरमा खोजे मैले पिपलमा खोजे
कदममा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौं कहाँ........................।।१।।

आकाशमा खोजे पतालमा खोजे
धर्तिमा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौं कहाँ........................।।२।।

वेदमा खोजे शास्त्रमा खोजे
गीतामा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौं कहाँ........................।।३।।

दरवारमा खोजे महलमा खोजे
झुप्रोमा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौं कहाँ........................।।४।।

वृन्दावनमा खोजे मथुरामा खोजे
किर्तनमा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौं कहाँ........................।।५।।

रुखमा खोजे पातमा खोजे
फूलमा तिम्रो निवास मुरलीवाले
तिमीलाई म खोजौ कहाँ......................... ।।६।।

## जय अम्बे

जय अम्बे जय अम्बे अम्बे जय अम्बे महाकाली२
जय दुर्गे जय दुर्गे दुर्गे जय दुर्गे लक्ष्मीकाली
दुर्गती कालिनी शुम्भ बिनासिनी भव भय हारिनी
जय अम्बे.................................................... ।।१।।
जय दुर्गे....................................................

माता काली जननी काली आमा काली जय काली
जय अम्बे.................................................... ।।२।।
जय दुर्गे....................................................

संघारकारिनी सृष्टि प्रदायिनी भव भय हारिनी माता
जय अम्बे.................................................... ।।३।।
जय दुर्गे....................................................

# कृष्ण जीवनका नाम है

कृष्ण जीवन का नाम हैं
गोकुल उनका धाम है
ऐसे श्री भगवानको बारम्बार प्रणाम है
योशदा जीवनकी मैया है
नन्द जो बबैया है
ऐसे जो श्री गोपालको बारम्बार प्रणाम है
कृष्ण.................................................... ।।१।।

लुटपुट दधी माखन खावे
ग्वालाका साथ धेनु चरावे
ऐसै लिला धामको हो बारम्बार प्रणाम है
कृष्ण.................................................... ।।२।।

द्रौपदी सुताको लाज बचायो
ग्रसीध्वाजको तन चुरायो
ऐसे कृपा धामको हो बारम्बार प्रणाम है
कृष्ण.................................................... ।।३।।

## कृष्ण तिमी टाडा भई नजाउ

कृष्ण तिमी टाड़ा भई नजाउ।
सुनको मुरली बनाई दिउँला घरैमा बजाउ।
भाद्र महिना कृष्ण पक्ष अष्टमीको रात।
कृष्णजीको जन्म भयो देवकीको साथ।
कृष्ण.......................................................

कृष्णजीको जन्म भयो कारागार भित्र।
माता पिता खुसी भये देखन पाउँदा पुत्र।
कृष्ण.......................................................

दही चोऱ्यो माखन चोऱ्यो हण्डी सबै फोऱ्यो।
सोह्र सय गोपिनीलाई रुवाएरै छोडेउ।
कृष्ण.......................................................

साना साना कृष्णजीले फुकी हाले शंख।
तिनै साना कृष्णले कंस पारे ध्वंस।
कृष्ण.......................................................

सोह्र सय गोपिनीका सोह्र सय सारी।
साना–साना कृष्णजीलाई पुगी हाल्यो भारी।
कृष्ण तिमी टाड़ा भई नजाउ।
सुनको मुरली बनाई दिउँला घरैमा बजाउ।

## रामका चरणमा

रामका चरण चित्त लाउनु कैलेई नबिर्सनु।
यो चोला हो दुई दिनको।
यो जीवन हो झिरिमिटी दाउरा झिरिमिटी दाउरा।
आगो लगे जलि जान्छ कैलेई नबिर्सनु।
यो चोला हो दुई दिनको।
रामका चरण.............................................

यो जीवन हो कागजको पुतली कागजको पुतली।
हावा लागे उड़ि जान्छ कैलेई नबिर्सनु।
यो चोला हो दुई दिनको।
रामका चरण.............................................

यो जीवन हो माटोको मूर्ति माटोको मूर्ति।
पानी परे गलि जान्छ कैलेई निबर्सनु।
यो चोलो हो दुई दिनको।
रामका चरण चित्त लाउनु कैलेई नबिर्सनु।
यो चोलो हो दुई दिनको।

## जानु हुँदैन

जानु हुँदैन कृष्ण जानु हुँदैन
कंश मामा पापी छन् जानु हुँदैन

हे कृष्ण जी गोकुल पनि रुन्छन् धुरु धुरु
विदा दिनु अक्रुरजी जानु सुरु सुरु

जानु हुँदैन..................................................

यमुनाको निलो जल मन्द हावा छायाँ
ब्रजवासी गोपिनीलाई किन गर्छौ माया

जानु हुँदैन..................................................

कृष्णजीका पिताम्बर यमुनामा घुम्ला
कृष्णजीलाई सम्झी र हामी सँधै रुम्ला

जानु हुँदैन..................................................

आउनु भयो उद्धवजी बस्नु होस मेच
गोकुलको हाल खबर सुनाउ कस्तो के छ
ब्रजवासी गोपिनी त यमुनामा थिए
उद्धवजीले चिठी झिकी गोपिनीलाई दिए

जानु हुँदैन..................................................

कुरै नसुनाउ उद्धव कुरै न सुनाउ
छाडी जाने कृष्णजीको बोली नसुनाउ

गोकुलको दही मिठो मथुराको पेडा
आजदेखि कृष्णजीको मथुरामा डेरा
जानु हुँदैन कृष्ण जानु हुँदैन
कंश मामा पापी छन जानु हुँदैन
खानु हुँदैन कृष्ण खानु हुँदैन।
दही दुधमा विष हाल्छन खानुहुँदैन
कंश मामा पापी छन कृष्ण जानु हुँदैन
कंश मामा पापी छन जानु हुँदैन

□

## कृष्ण भजन

होली खेल्न आउन गोपिनी २
फाल्गुण महिना हातैमा रंग बोकी।
भो भो हामी खेल्दैनौ गोपाल २
भिज्छन लुगा बिग्रन्छ श्रृंगार।
होली.......................................
पूर्वतिर जुनैको तारा छ २
गोकुलैमा राधाको हारछ
होली.......................................

पशुपतिमा चार ढोका चाँदीका २
जता हेर्‍यो कृष्ण र राधिका
होली.............................................

## राम कृष्ण गोपाल

राम कृष्ण गोपाल प्रभु नै नन्दलाल
प्रभु नै दिनदयाल।
यमुनाको निलो जल कृष्ण नुहाउने,
हातमा वंशी सिरमा मुकुट कति सुहाउने।
राम कृष्ण.............................................
सोह्रसय गोपिनी थें यमुनाको पारी,
कृष्णजीले छल गरी लुकाई दिए सारी।
राम कृष्ण.............................................
कोकरामा सुताएका हाम्रा छोरा छोरी,
कृष्ण काले नक्कलेले लान्छन् चोरी चोरी।
राम कृष्ण.............................................
दही चोरी हण्डी फोरी मामा कंश मारी,
माता पिता उद्धार गर्ने हे बंशी धारी।

राम कृष्ण गोपाल प्रभु नै नन्दलाल,
प्रभु नै दिनदयाल।

## जय शिवशंकर

जय शिवशंकर हर शिवशंकर,
जय शिवशंकर भोला।
त्रिभुवन स्वामी अन्तरयामी,
शरण सदा लिनु होला।।

बाया काखमा पार्वती गौरी कटिमा मृगवती छाला।
नागहरूको बाजुबाला नागैको सब माला।।
जय शिव.................................................

चन्द्र मुकुटमा झलमल गर्ने सिरमा निरमल गंगा।
करमा डिमिडिमी डमरू बजेको नाथ मनोहर नंगा।।
जय शिव.................................................

तिन नयनमा तिन थरी ज्योति जगमग गर्दछन् भारी।
हर घड़ी हाजिर चरण कमलमा ब्रह्मा, इन्द्र मुरारी।।
जय शिव.................................................

## श्री गणेश प्रार्थना

१. प्रणम्य शिरसा देवं गौरीपुत्रं विनाशकम्,
भक्त्या बांसंस्मरेन्नित्यमायुः कार्मार्थसिद्धये।

## श्री सूर्य प्रार्थना

२. आदिदेव नमस्तुभ्यं प्रसीद मम भास्कर,
दिवाकर नमस्तुभ्यं प्रभाकर नमोऽस्तुते।

## देवी स्तुती

३. नमो देव्यै महादेव्यै शिवायै सतत नमः
नमः प्रकृत्यै भद्रायै नियता प्रणतास्म ताम्।

## श्री शिव प्रार्थना

४. एध्येहि गौरीस पिनाकपाणे
सशंक मौले वृषभाधरुडा।

## श्री विष्णु स्तुती

५. ॐ सशंख चक्रं सकिरिट कुण्डलम्,
सप्रीत वस्त्रं शर शोरु हेक्षणम्।

सहार वक्षस्थल कौस्तुभ स्त्रियम
नमामी विष्णु शिरसा चतुर्भुजम्।

## आरती

ओंम जय जगदीश हरे प्रभु जय जगदीश हरे प्रभुका चरण उपासक
कति कति पर तरे ओंम जय जगदीश हरे।
मनको थाल मनोहर प्रेम रूपी बाती
भाव कपुर छ मंगल आरती सब भाँती ओंम...............................
नित्य निरंजन निर्मल कारण अविनासी
शरणागत प्रतिपालक, चिनमय सुखरासी ओंम.............................
सृष्टि स्थितिलय कर्ता त्रिभुवनका स्वामी।
भक्ति सुधा वर्षाउ शरण परयौं हामी ओंम...................................
युग युग पावन गर्छौ अगणित रुप धरी।
लिला मय रस बिग्रह करुणा मूर्ति हरी ओंम...........................
समता शान्ति प्रदायक सज्जन हितकारी।
चरण शरण अब पाउँ प्रभु भव भयहारी ओंम............................
भाव मनोहर देउ साधक फलदायी
जीवन धन्य बनोस प्रभू पद सेवा पायी ओंम..............................

संयम सुर सरिताको अविरल धार बहोस्।
जती जती जन्म भये पनि प्रभूमा प्रेम रहोस् ओंम......................
प्रेम सहित शुभ आरती जसले नित्य गरयो।
दिन २ निर्मल बन्दै प्रतिदिन पावन बन्दै।
त्यो भव सिन्धु तरयो ओंम जय जगदीश हरे।

## अथ जयकार

१. ॐ सिद्धीदाता श्री गणेशजी की जय
२. ॐ श्री सूर्यनारायण भगवान की जय
३. ॐ श्री भगवती दुर्गा की जय
४. ॐ श्री साम्बसदाशिवजी की जय
५. ॐ श्री लक्ष्मीनारायण भगवान की जय
६. ॐ श्री रामचन्द्र भगवान की जय
७. ॐ श्री कृष्णचन्द्र भगवान की जय
८. ॐ श्री भक्तवत्सल भगवान की जय
९. ॐ श्री आनन्दकन भगवान की जय
१०. ॐ श्री मन्नारायण भगवान की जय
११. ॐ श्री बद्रीनारायण भगवान की जय

१२. ॐ श्री मुक्तिनारायण भगवान की जय
१३. ॐ श्री मुरलीधर भगवान की जय
१४. ॐ श्री पवनपुत्र हनुमान की जय
१५. ॐ श्री केशव भगवान की जय
१६. ॐ श्री माधव भगवान की जय
१७. ॐ श्री सत्य सनातन धर्म की जय
१८. धर्मको जय होस्–पापको नाश होस्

## हे कृष्ण मलाई मिठो

हे कृष्ण मलाई मिठो वंशी सुनाई देऊन
तिमीलाई मात्रै होईन तिनलोकै थर्काई दिउँला।
स्वर्गका अपसरा नाँच्दै झर्छन राधा।
बाँसको टुक्राको यस्तो महिमा हुँदा।।

हे कृष्ण........................................................

जंगलमा गाई बस्तु चरन छोड्छन बरा।
गोपिनी स्वर सुनी नाँचदै आउँछन राधा।।

हे कृष्ण........................................................

गोवर्धन पर्वतको सबले पुजा गर्दा।
इन्द्रादी देवता छक्कै पर्छन राधा।।
हे कृष्ण..............................................................

वंशीको स्वरले यो मन भुलाई दिन्छ।
सम्झाना सधैं नै यहाँ आई ' रहन्छ।।
हे कृष्ण मलाई मिठो वंशी सुनाई देउन
तिमीलाई मात्रै होईन
तिनलोकै थर्काई दिउँला।

❑

## बाँसुरीको कथा राम्रो स्वर

बाँसुरीको कथा राम्रो स्वर
तिरिरिरि बजेको सुनेर
गोपीहरू दौड़िन्छन तेतै,
वृन्दावनको त्यो कुनाकुनामा
कारागारमा जन्मेका कृष्णलाई,
लालन पालन गोकुलको धामैमा।
कहाँ बाट वासना आएको,
बासुँरीको त्यो स्वर तिरिरि।
बाँसुरीको..............................................

दही चोरयो भनेर कृष्णलाई,
मैयाजीले ओखलमा बाँधेर
एकछिन पछि फर्केर हेर्दा,
लड़ाएको देखियो रुखलाई।
बाँसुरीको........................................

साधारण सम्झेर कृष्णलाई
माटो खाईस भनेर मैयाले
मुख उघारी खोलेर हेर्दा,
सारा संसार ब्रह्माण्ड देखियो।
बाँसुरीको........................................

## देवकीलाई नमार राजन

देवकीलाई नमार राजन
मारयौ भने नरक जानेछौ।
अनाथलाई नमार राजन
मारयौ भने नरक जानेछन।
यस्तो वाणी सुनिकन कंस आगो भयो
मार्छु अब वैनी भनी दगुरेर गयो।

वासुदेवका वास्ता नली चुल्ठी समाई हातले
काट्न आटे जसो गर्छ पशुमारा जातले।

देवकीलाई........................................................................

विरुवा मासे काँडा हुने वृक्ष फैलिदैन
गाजल धुलो फुस्रो नभई सिसा मैलिदैन।
देवकीलाई मारेदेखि शत्रु हुने छैन
अनी मलाई बार हाते टागोले छुने छैन।

यति भनि हातमा खड्ग लियो सारै तिखो
आफ्नो ज्यान मुर्न भन्दा स्त्री हत्या निको।
उचालेको खड्ग समाई वासुदेवले रोके
वरु जति सन्तान होला दिउँला भनी तोके।

देवकीलाई........................................................................

□

## अक्षर पारी जानुछ साथी

अक्षर पारी जानुछ साथी सोच है एक फेर,
बितिसकेको जिन्दगी फेरी आउँदैन फर्केर।
संसार रूपी यो फूलबारी अवश्य नासिन्छ,
उजार हुन्छ बगैंचा सब विरुवा मासिन्छ।
यो फूलवारी उजार भए कुन फूलमा नाँचौला,

भ्रमरा हामी बगैंचा बिना कसरी नाँचौला,
अक्षर पारी..........................................................................

जानुछ साथी त्यो दिव्य धाम सो बाटो लिएर,
के गरी मिल्छ त्यो बाटो भनी मनमा गुनेर ।
न चन्द्र सूर्य प्रकाश दिन्छन न आगो केही गर्छन,
जुन ठाउँमा पुगि पर्दैन फिर्नु परम धाम त्यही भन्छन ।
अक्षर पारी..........................................................................

□

## ईश प्रार्थना

जगदीश्वर अब शक्ती देऊ
मानव मन यो तिमिरी नकाली जगत उज्यालो बन्दैन,
मानव आफै निर्मल नबनी वाह्य मलिनता हट्दैन ।
सम्झौं जीवन लक्ष प्रभो अब प्राण प्राणमा भक्ती देऊ
जगदीश्वर अब शक्ती देऊ..........................................................

हाम्रा सबल भूजामा शिवको कर्म चेतना चम्की रहोस्
हाम्रा निर्भय कदमहरूमा सत्य अहिंसा गम्की रहोस्
ब्यूझौं स्वयम् शक्ती लिएर अब स्वास स्वासमा
मुक्ति देऊ जगदीश्वर अब शक्ति देऊ

चरित्र बलको पूजा गर्ने मानवताको दृष्टि देऊ
सत्य धर्मको पालन गर्ने सुन्दरताको सृष्टि देऊ
जागोस् यो शिव देश प्रभू अब पावन बन्ने जुक्ति देऊ
जगदीश्वर अब शक्ती देऊ।

❑

## श्री मन्नारायण

श्री मन्नारायण नारायण नारायण बोल चेतन नारायण बोल
रसनालाई फट्कारेर नारायण बोल चेतन नारायण बोल
भगवानको दर्शन गर्न भित्री आँखा खोल चेतन भित्री आँखा खोल
श्री मन्नारायण........................................................

किर्तन दर्शन गर्न केही लाग्ने छैन मोल चेतन लाग्ने छैन मोल
गर्भवासमा बस्ताखेरी के थियो कबोल चेतन के थियो कबोल
श्री मन्नारायण........................................................

मजुर प्वाँखे बुट्टा जस्तै दुवै आँखा खोल चेतन दुवै आँखा खोल
भगवानलाई ढुंगो भन्ने पापी बोली छोड़ चेतन पापी बोली छोड़
श्री मन्नारायण........................................................

अहंकारले नरकको दरबाजा नखोल चेतन दरबाजा नखोल
खबटाको घमण्डले अवाच्य न बोल चेतन अवाच्य नबोल
श्री मन्नारायण........................................................

मिलीजुली भजन गर्नु आफ्नो–आफ्नो टोल चेतन आफ्नो–आफ्नो टोल
हाम्रो मात्रै हुने छैन अजम्बरी रोल चेतन अजम्बरी रोल
भक्ति गर्ने दानी मैहुँ भन्ने बोली छोड़ चेतन भन्ने बोली छोड़
श्री मन्नारायण.........................................................................

## अवतो श्री मुखसे

अवतो श्री मुखसे गोविन्द भजो प्यारे है
गोपाल भजो प्यारे है गोविन्द भजो प्यारे है
६ बजे छबिले श्याम सात बजे सिताराम
आठ बजे अस्टोत्तर माला जपते रहे हैं।
अवतो श्री.........................................................

नौ बजे नमो नारायण दश बजे दामोदर,
ग्यारह बजे गिरधारीलाल जपते रहे है।
अवतो श्री.........................................................

बारह बजे बनवारीलाल एक बजे हरी ॐ,
दो बजे द्वारकाजी जपते रहे हैं।
तिन बजे त्रैलोक्यनाथ चार बजे चतुर्भुज

पाँच बजे परमेश्वर माला जपते रहे है।
अवतो श्री मुखसे.................................................
गोविन्द भजो प्यारे है गोपाल भजो प्यारे है ।

## कस्ले दियो मनुष्य चोला

कस्ले दियो मनुष्य चोला, फेरी जन्म होला कि नहोला।
कस्ले दियो मनुष्य चोला, फेरी भेट होला की नहोला।
मायारूपी संसारमा सक्यो चोला
रामनाम जपौं अनि शिवशंकर भोला।
सबै आफ्नो बिरानो को होला,
फेरी भेट होला कि नहोला
कस्ले दियो.................................................................

कलियुगको एउटै सार हरी नाम होला,
आज भोली भन्दा भन्दै पछुताउनु पर्‍यो।
नबोकौं है पापको झोला,
फेरी जन्म होलाकी नहोला
कस्ले दियो.................................................................

मनको धोको नमेटिए सधैं रोनु पर्‍यो
हरि भजन सधैं गरे पार तर्न पाउला।

उमेरैमा कालैले छकला,
फेरी भेट होलाकी नहोला।

कस्ले दियो.............................................................................

आज भोली भन्दा भन्दै जीवन यो बितला,
राम नाम जप्न नभ्याई कालले समाउँला।
दैवराजको यो कस्तो लिला
फेरी जन्म होला की नहोला।

कस्ले दियो.............................................................................